

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १६९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार २० गते सोमबार ❑ 4 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## माओवादी केन्द्रीय समिति बैठकमा सांगठनिक अराजकता हटाउनेदेखि आगामी योजनासम्म

**रासस**
**काठमाडौं, १९ असार**

पटकपटक सर्दै आएको नेकपा(माओवादी केन्द्र)को केन्द्रीय समितिको बैठकमा सहभागीले पार्टीभित्रको साङ्गठनिक अराजकतालाई तत्काल सच्याएर जानुपर्नेमा जोड दिएका छन् ।

गत पुसमा पार्टीको आठौं महाधिवेशन सम्पन्न भयो । त्यसले अध्यक्षमा पुष्पकमल दाहाल 'प्रचण्ड'लाई चयन गर्‍यो । वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्षसहितको पदाधिकारी चयन गर्ने गरी विधानमा प्रबन्ध गरिएको छ । विधानमा व्यवस्था भए पनि व्यावहारिक रूपमा कार्यान्वयन हुन नसक्दा पार्टीले गति लिन नसकेको भन्दै समय थप गरेर भए पनि टुङ्गो लगाउनुपर्ने माग उठेको छ । राजधानीको कमलादीमा आजदेखि शुरु भएको बैठकमा धारणा राख्ने क्रममा बागमती प्रदेशका अध्यक्ष सरलसहयात्री पौडेलले पार्टीको पदाधिकारी चयन, केन्द्रीय समितिलाई पूर्णता, विभागहरूलाई क्रियाशिल बनाएर स्पष्ट कार्ययोजनाका साथ जनतामा जानुपर्नेमा जोड दिनुभयो । बैठकको शुरुमा नै अध्यक्ष प्रचण्डले पूर्व स्थायी समितिको बैठकबाट पार्टीको केन्द्रीय समितिमा मनोनित गरिएका केन्द्रीय सदस्यलाई पद तथा गोपनियताको शपथ गराउनुभएको थियो । बैठकमा अध्यक्ष प्रचण्डले विभिन्न नौ वटा एजेण्डामा छलफल हुने जानकारी गराउनुभएको थियो । त्यसमा नयाँ सदस्यहरूको सपथग्रहण, बैठक सञ्चालन प्रक्रियाबारे अध्यक्षबाट जानकारी, प्रदेशबाट संक्षिप्त रिपोर्टिङ, अध्यक्षबाट वर्तमान परिस्थितिबारे रिपोर्ट, सङ्गठनात्मक विषय, स्थानीय निर्वाचनको समीक्षा, आगामी प्रदेश र सङ्घको निर्वाचनको तयारी र विविध विषय समावेश गरिएको थियो । प्रदेशहरूको विवरण प्रस्तुत गर्ने क्रममा विशेष प्रदेश समितिका अध्यक्ष जगत सिंखडाले पनि पार्टीले अबलम्बन गरेको गठबन्धनको नीतिप्रति तिखो टिप्पणी गर्नुभएको थियो । उहाँले गठबन्धन भन्दै जाँदा पार्टीको स्वतन्त्र पहिचान नै गुम्न थालेको, चुनाव चिह्न नै बिर्सने अवस्था आएको बताउनुभयो । अध्यक्ष सिंखडाले गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा गठबन्धनबाट सबैभन्दा बढी फाइदा नेपाली काँग्रेसले लिएका टिप्पणी गर्नुभयो ।

"एउटा वडा जित्दासमेत खुशी हुनुपर्ने अवस्था आयो । एक्लाएक्लै लडेको भए पनि हाल प्राप्त भएको भन्दा धेरै स्थानमा जीत निकाल्न सकिने रहेछ । हामी गठबन्धनमा इमान्दार भए पनि काँग्रेसले इमान्दारिता देखाएन", उहाँले भन्नुभयो, "राजधानी र मधेश प्रदेशमा हाम्रो उपस्थिती प्रभावकारी बन्न सकेन । यसमा निर्मम समीक्षा गरौं ।" अघिल्ला बैठकमा अध्यक्षकातर्फबाट राजनीतिक प्रतिवेदन पेश गर्ने गरिएको भए पनि यस पटक संक्षिप्त टिपोट प्रस्तुत गरेर त्यसमा छलफल गराउन लागिएको छ । अध्यक्ष प्रचण्डले १० पेज लामो संक्षिप्त राजनीतिक प्रतिवेदन पेश गर्नुभएको छ । त्यसमा पार्टीले आगामी दिनमा अबलम्बन गर्नुपर्ने नीति, योजना र कार्यक्रमका बारेमा उल्लेख गरिएको छ ।

"नयाँ संविधानअन्तर्गत दोस्रो पटक सङ्घीय एवम् प्रादेशिक निर्वाचन केही महिनामा हुँदैछ । स्थानीय तहको निर्वाचनमा हाम्रो पार्टीलाई पराजित गर्ने र सीमान्त शक्तिमा बदल्न चाहने शक्तिहरू स्वयम् नराम्ररी पराजित भएका छन् । माओवादी पार्टी पुनः शक्तिशाली बन्ने स्पष्ट संकेत देखिएको छ । यस निर्वाचनको शिक्षालाई गम्भीर रूपमा आत्मसात् गर्दै आगामी आम निर्वाचनको घनिभूत तयारीमा लाग्नु आजको प्रमुख जिम्मेवारी हो", अध्यक्ष दाहालको प्रतिवेदनमा भनिएको छ । सङ्गठनात्मक कामअन्तर्गत सङ्गठानात्मक कार्यदिशालाई लागू गर्न पोलिटब्यूरो, स्थायी समिति र पदाधिकारी चयन गरी केन्द्रीय समितिलाई पूर्णता दिने, नयाँ सन्दर्भमा आयोगलाई पूर्णता दिने, सल्लाहकार, जेष्ठ कम्युनिस्ट मञ्चलाई पूर्णता दिई बैठक बोलाउने, विभागलाई कामकाजी बनाउने, आगामी निर्वाचनका लागि प्रतिबद्धतापत्रका लागि सुझाव सङ्कलन र तयारी गर्ने, माओवादी धाराका नेता तथा कार्यकर्ता र समर्थकलाई ठोस योजना बनाई मूल घरमा फिर्ता ल्याउने विषय समेटिएको छ । वामपन्थी धाराका नेता तथा कार्यकर्ता, समर्थक र शुभचिन्तकलाई ठोस कार्यक्रमका साथ पार्टीमा समाहित हुन आग्रह गर्ने, विभिन्न पार्टीसँग एकताका लागि पहल गर्ने, स्थानीय तहको निर्वाचनको अनुभवका आधारमा वर्तमान गठबन्धनलाई प्रभावकारी बनाउन जोड गर्ने विषय सङ्गठनात्मक कामका रूपमा उल्लेख गरिएको छ । जनयुद्धको जग र जनआन्दोलनको समायोजनमा आजको परिवर्तन सम्भव भएको तथ्य पेश गर्दै अध्यक्ष दाहालले तीव्र गतिमा आर्थिक विकास, समृद्धि, सामाजिक न्यायमा आधारित नयाँ नेपालको खाका तयार पार्न आवश्यक रहेको ठहर गरेको छ । पार्टीले विज्ञ, विशेषज्ञसँग छलफल गरेर आगामी निर्वाचनको प्रतिबद्धतापत्र तयार पार्ने अध्यक्ष दाहालको प्रतिवेदनमा उल्लेख छ । सम्पूर्ण केन्द्रीय सदस्यलाई ठोस कार्यविभाजनसहित निर्वाचन क्षेत्रमा पठाउने, सङ्घ र प्रदेशमा जनसहभागितामा चुनावी प्रतिबद्धतापत्रको तयारी गर्ने, निर्वाचन क्षेत्रको तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने, निर्वाचन क्षेत्रका आधारित सङ्गठन परिचालन, स्थितीको आंकलन र जन अपेक्षामा आधारित निर्वाचनमा विजयी हासिल गर्ने रणनीति बनाउने अध्यक्ष दाहालको प्रतिवेदनमा समावेश छ ।

बैठकमा अध्यक्ष दाहालले नयाँ आधारमा वामपन्थी शक्तिबीच एकता, सहकार्य र चुनावी मोर्चाबन्दी हुन सक्ने बताउनुभएको थियो । त्यसका लागि सामान्य छलफल भएको समेत उहाँले जानकारी दिनुभएको थियो ।

यस्तै, पार्टीको सहायक सङ्गठन वाइसिएल, महिला सङ्गठनलगायतका जनवर्गीय सङ्गठनको भेला आयोजना गर्ने, स्पष्ट कार्ययोजनाका साथ उनीहरूलाई परिचालन गर्ने विषय पनि समावेश गरिएको प्रतिवेदनमा संविधानको रक्षा, प्रतिगमनको विरोध गर्ने समूह र शक्तिसँग सहकार्य गर्ने विषय समावेश गरिएको छ । अध्यक्ष दाहालले गठबन्धनमा माओवादी सबैभन्दा बढी इमान्दार देखिएको समेत प्रतिवेदनमा उल्लेख गर्नुभएको छ । पार्टीको साङ्गठनिक अवस्थाको बारेमा अन्य दलसँग तुलना गर्दै उहाँले ग्रामीण क्षेत्रमा माओवादीप्रति जनताको आकर्षण उस्तै रहेको उल्लेख गर्नुभएको छ ।

## सात प्रदेशमा प्रशिक्षणका लागि एमाले नेताहरू खटिए

**रासस**
**काठमाडौं, १९ असार**

नेकपा (एमाले) ले स्थानीय तह निर्वाचनको समीक्षा र सातै प्रदेशमा प्रशिक्षण कार्यक्रम सञ्चालनका लागि पार्टीका नेताहरूलाई जिम्मेवारी तोकेको छ ।

एमालेको आइतबार सम्पन्न बैठकले प्रशिक्षणका लागि प्रदेश १ मा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, मधेस प्रदेशमा उपाध्यक्ष सुरेन्द्र पाण्डे, बाग्मती प्रदेशमा उपाध्यक्ष विष्णुप्रसाद पौडेल, गण्डकी प्रदेशमा उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, लुम्बिनी प्रदेशमा उपाध्यक्ष सुवासचन्द्र नेम्बाङ, कर्णाली प्रदेशमा उपाध्यक्ष रामबहादुर थापा 'बादल' र सुदूरपश्चिम प्रदेशमा उपाध्यक्ष युवराज ज्ञवालीलाई संयोजनको जिम्मेवारी दिएको हो । एमालेका उपमहासचिव एवं केन्द्रीय प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले व्यापक र चौतर्फी घेराबन्दीबीच गत वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा लोकप्रिय मतमा पार्टी पहिलो शक्तिका रूपमा स्थापित हुनसकेको निष्कर्ष निकालिएको जानकारी दिनुभयो । बैठकले स्थानीय तहको निर्वाचनमा पार्टी विरोधी गतिविधि गर्ने आफ्ना नेता कार्यकर्तामाथि छानबिन र कारबाहीका लागि उपाध्यक्ष विष्णुप्रसाद पौडेलको संयोजकत्वमा कार्यदल गठन गरेको छ भने विभिन्न विभागमा सचिव तोकेको छ ।

सचिवको जिम्मेवारी पाउनेमा वित्त तथा कोष व्यवस्थापन विभागमा डा भीष्म अधिकारी, सङ्गठन विभागमा सम्झना देवकोटा, प्रचार तथा प्रकाशन विभागमा गगन विष्ट, स्थानीय तह विभागमा हर्क राई, परराष्ट्र मामिला विभागमा अन्जान शाक्य, सङ्घीय मामिला विभागमा शिव गुरूङ, ऊर्जा तथा जलस्रोत विभागमा पुष्पज्योति ढुङ्गाना, अर्थ तथा योजना विभागमा योगेन्द्र शाही, कानून विभागमा डिल्लीराम मैनाली, उपभोक्ता हित संरक्षण विभागमा मोहनी खनाल, श्रम तथा रोजगार विभागमा जनक चौधरी, संसदीय मामिला विभागमा डा सूर्य पाठक, सामाजिक सेवा विभागमा डा नेत्रप्रसाद तिमिल्सिना र संस्कृति विभागमा राजेश थापा मनोनयन हुनुभएको छ ।

## नेवाः मिसा पुचः रानीपौवाको अध्यक्षमा पुनः सीता ढेवाजू

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ असार**



पोखरा महानगरपालिका वडा नं ११ स्थित नेवाः मिसा पुचः रानीपौवाको नवौ वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशनले सीता ढेवाजुलाइ पुनः अध्यक्ष पदमा चयन गरेको छ ।

शनिवार भएको अधिवेशनले पुचःको प्रथम उपाध्यक्षमा उमा श्रेष्ठ, द्धित्तिय उपाध्यक्षमा माया प्रधान, सचिवमा हरिमाया जोजिजू(सानु), सह सचिवमा सरु ध्वजू, कोषाध्यक्षमा नानी माया श्रेष्ठ, सह कोषाध्यक्षमा सरिता श्रेष्ठ रहेका छन् । त्यसैगरी सदस्यहरुमा क्रमश रेखा लिगल जमुना कुमारी गोङ्गजू, मोनीका श्रेष्ठ, विष्णु श्रेष्ठ गोङ्गजू, राधा श्रेष्ठ, निर्मला जोशी मल्ल, सरस्वती तभ्र्या, रुकमणी तभ्र्या, हरिकाशी पालिखे, वन्दना ध्वजू श्रेष्ठ र शोभा मानन्धर चुनिएका छन् । त्यसैगरी सोही दिन पुचःको सल्लाहकारमा बकवली रंजित शाक्य, द्रोपती श्रेष्ठ, दुर्गेश्वरी कर्माचार्य र सानु कुमारी वड्गामी चयन भएका छन् । सो अधिवेशनको उद्घाटन वडा नं ११ का वडा अध्यक्ष प्रेम प्रसाद कर्माचार्यले गरेका थिए ।

नेवाः मिसा पुचः रानीपौवाका अध्यक्ष सीता ढेवाजूको अध्यक्षतामा भएको कार्यक्रममा सचिव सानु जोजिजूले संचालन गरेकी थिइन् । कार्यक्रममा विनीत जोजिजू, सानु जोजिजू, उत्प्रेरणा जोजिजू, स्मृति तभ्र्या र समिपा श्रेष्ठ लगायतले उत्कृष्ट नुत्य तथा गीत गाएर सवैलाइ मन्त्रमुग्ध परेका थिए ।

## विन्ध्यवासिनी क्याम्पसको अध्यक्षमा वानियाँ

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ असार**



जनस्तरबाट स्थापित भै सञ्चालनमा रहेको विन्ध्यवासिनी क्याम्पस पोखरा-१६, बाटुलेचौरको चौथो अधिवेशनले दानबहादुर बानियाँको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्य समिति सर्वसम्मतिलेले चयन गरेको छ ।

समितिमा सदस्यहरुमा नरनाथ भट्टराई, मोहनकुमार सुनार, दुर्गा के.सी. थापा, जगन्नाथ तिमिल्सिना, उषा बरुवाल, नविन अधिकारी, वसन्त तिमिल्सिना, विष्णु नेपाली, विनोदराज अधिकारी, गणेशबहादुर थापा, मेहरमान थापा र बलबहादुर श्रेष्ठ हुनुहुन्छ । यसअघि नवौं साधारण सभा तथा अधिवेशनको उद्घाटन गर्दै गण्डकी प्रदेशका भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात मन्त्री कुमार खड्काले स्वरोजगार मूलक शिक्षाले मात्रै शैक्षिक क्षेत्रमा आमूल परिवर्तन हुने बताउनु भयो । उहाँले भन्नु भयो "सैद्धान्तिक भन्दा पनि व्यवहारिक र सीपमूलक शिक्षा आजको आवश्यकता हो" । मन्त्री खड्काले वर्तमान अवस्थामा शिक्षाले स्वरोजगार स्थापना गर्नुपर्छ भन्नेमा समेत जोड दिनु भयो । कार्यक्रममा गण्डकी प्रदेशका कानून न्याय तथा प्रदेश मामिला मन्त्री विन्दुकुमार थापाले जनस्तरबाट संचालित विन्ध्यवासिनी क्याम्पसले यस क्षेत्रका विद्यार्थीहरुलाई स्तरीय शिक्षा प्रदान गरिरहेकोमा खुशि व्यक्ति गर्दै, क्याम्पसको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नु भयो । विन्ध्यवासिनी क्याम्पस संचालक समितिका अध्यक्ष दानबहादुर बानियाँको अध्यक्षतामा सञ्चालित उद्घाटन सत्रमा सिनेटरको तर्फबाट शालिग्राम भट्टराई, संघसंस्था शैक्षिक संस्थाको तर्फबाट कन्या क्याम्पसका क्याम्पस प्रमुख सुरेश मानन्धर, पोखरा महानगरपालिका वडा नं. १६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सिना, संरक्षक विन्ध्यवासिनी मा.वि. को तर्फबाट प्रधानाध्यापक कृष्ण प्रसाद आचार्य लगायतले शुभकामना व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा संस्थापक क्याम्पस प्रमुख नरहरि भट्टराई र पूर्व क्याम्पस प्रमुख झना खड्का के.सी., प्राध्यापक अक्षयकोषका संस्थापकहरु भोजबहादुर गुरुङ, दुर्गा के.सी. थापा, गणेशबहादुर थापा, शिवप्रसाद/शुभद्रा तिमिल्सिना, रश्मी सिग्देललाई सम्मान गरिएको थियो ।

अधिवेशनको क्याम्पस प्रमुख विजय शर्मा र लेखापाल भीमबहादुर गायकले प्रस्तुत गर्नुभएको कार्य प्रगति प्रतिवेदन र आर्थिक प्रतिवेदनलाई सर्वसम्मतिले पारित गरेको थियो । अधिवेशनको निर्वाचन मण्डलमा नरहरि भट्टराई, अग्निधर शर्मा र विन्ध्यवासिनी मा.वि. का प्रधानाध्यापक श्री कृष्ण प्रसाद आचार्य रहनु भएको थियो । क्याम्पस संचालक समितिका सदस्य मोनकुमार सुनारले कविता वाचन गर्नुभएको कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष चित्रबहादुर थापा र संचालन लेखापाल भीमबहादुर गायकले गर्नु भएको थियो । उद्घाटन सत्रमा विन्ध्यवासिनी क्याम्पसका विद्यार्थीहरुले विभिन्न किसिमका नृत्य तथा गीत प्रस्तुत गरेका थिए भने अध्ययनरत विद्यार्थीहरुले स्वयंसेवकको भूमिका समेत निर्वाह गरेका थिए ।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# काँहुखोला ईश्वरीयमा वडा नं १३ का जनप्रतिनिधि सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ असार**

पोखरा महानगरपालिका वडा नं १३ काँहुखोला स्थित ईश्वरीय मार्ग भजन मण्डलले हालै निर्वाचित जनप्रतिनिधिलाई सम्मानित गरेको छ।

सम्मानित हुनेहरुमा क्रमश वडा अध्यक्ष किरण वराल, सदस्यहरुमा क्रमश वलवहादुर वराल, सुचिता तमाङ, रजनी परियार र सरिफ अलिमियाँ रहेका छन् । सयौंको उपस्थित रहेको कार्यक्रममा सबैको एकनासे ताली, आधा दर्जनको गलामा लगाएको मालाको दृश्य र उत्कृष्ट नृत्यले कार्यक्रममा सवैलाई मन्त्रमुग्ध पारेको थियो। फुटेर होइन जुटेर गरौ अशान्ति आत्मालाई शान्ति पारौं हिमाल पहाड तराई कोही छैन् पराई सबैलाई भन्ने मुल नाराको साथमा गरिएको



कार्यक्रमको वडा अध्यक्ष किरण वरालले एक अर्कामा सवैभन्दा पहिला विश्वासको भावना पैदा गर्नु पर्नेमा जोड दिए। जीवनमा खुशी हुन सर्वप्रथम नकरात्मक भावना हटाउनुपर्ने वडा अध्यक्ष वरालले धारणा राखे। ईश्वरीय मार्ग भजन मण्डल सच्चाइ केन्द्र शाखा काँहुखोलाका उपप्रमुख लक्ष्मी खत्रीले मनमा सकारात्मक सोचको विकास गरेर अगाडि बढ्नु पर्ने धारणा राखीन्। ईश्वर सवैको मनमा हुने भएकोले धर्म परिवर्तन होइन हामीले मन परिवर्तन गर्न सक्नुपर्ने धारणा उपप्रमुख लक्ष्मीले भनिन् । काँहुखोला शाखामा आएर इश्वरीय प्रर्थना गर्नाले धेरै बा आमाको भित्री रोग निको भएको उपप्रमुख खत्रीले चर्चा गरिन । उपप्रमुख लक्ष्मीले जीवनमा परिवर्तनको लागि चराएको घाउमा मलाम लगाउन सक्नु पर्ने धारणा राख्दै उपस्थित महानुभावहरुलाइ मन्त्रमुग्ध हुने तरिकाले स्वागत गरेकी थिइन् । लामोडहर टोल विकास संस्थाका अध्यक्ष टंकप्रसाद भट्टराईले इश्वरको प्रर्थनाले जीवनमा सदैव सकारात्मक सोचका विकास हुने भने । ईश्वरीय मार्ग भजन मण्डल सच्चाइ केन्द्र शाखा काँहुखोलका प्रमुख रामकुमार खत्रीको अध्यक्षतामा भएको कार्यक्रममा काँहुखोला शाखका सचिव पूर्ण गुरुङ लगायत वोलेको कार्यक्रममा शाखाका लिडर ममता गुरुङले कार्यक्रम संचालन गरेकी थिइन।

# पोखरा सुनचांदी ब्यवशायी संघको अध्यक्षमा पुष्पमान बुद्धाचार्य

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ असार**

पोखरा सुनचांदी ब्यवशायी संघको अध्यक्षमा पुष्पमान बुद्धाचार्य निर्वाचित भएका छन।

पोखरा सुनचांदी ब्यवशायी संघको २३ औं साधारण सभा तथा ११ औं अधिवेशनबाट अध्यक्षमा पुष्पमान बुद्धाचार्य निर्वाचित भएका हुन । संघको उपाध्यक्षमा मंगलराज शाक्य, सचिवमा प्रविण बुद्वाचार्य, कोषाध्यक्षमा राकेशमान बुद्वाचार्य र सह सचिवमा रविन्द्र बज्रचार्य चयन भएका छन । त्यसैगरी सदस्यहरुमा इश्व मान बुद्वाचार्य, महेश रत्न शाक्य, दिनेशमान बुद्वाचार्य र निकिन बज्रचार्य चयन भएका छन । अधिवेशन तथा साधारण सभाको उद्घाटन गर्दै संस्थाका पूर्व अध्यक्ष राजेशमान बुद्धाचार्यले



सुनचांदी ब्यवशायीहरुले आफ्नो ब्यवशायलाई मर्यादित बनाएर ग्राहकहरुलाई सन्तुष्टि बनाउनतर्फ लाग्नुपर्नेमा जोड दिए । कार्यक्रममा महेन्द्रमान गुभाजु, विनोदरत्न शाक्य , नितिन बज्रचार्य, उत्तममान बुद्वाचार्य लगायतले सुनचादी व्यवशायीको हक हितको वारेमा आ आफ्नो धारणाा राखेका थिए।

दुर्गामान बुद्धाचार्यको संयोजकत्वमा गठित निर्वाचन मंडलमा टेकनारायण शाक्य र शोभितमान बुद्धाचार्य सदस्यहरु रहेका थिए । पोखरा सुनचांदी ब्यवशायी संघमा ४४ जना सदस्यहरु रहेका छनभने हाल डाक्टर संजीवमान बुद्धाचार्यले नया सदस्यता लिएको संघले जनाएको छ।

# ६ महिनामा दुई लाख ३७ हजार पर्यटक नेपाल आए

**रासस**
**काठमाडौं, १९ असार**

सन् २०२२ को जुन महिनामा हवाई मार्ग भएर ४६ हजार ९०० विदेशी पर्यटक नेपाल भित्रिएका छन्।

नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार यो सङ्ख्या सन् २०१९ को तुलनामा ६९.३ प्रतिशत रिकोभरी भएको हो।

सन् २०१९ ६१ हजार ३५१ विदेशी पर्यटक नेपाल भ्रमणमा आएका थिए । योसँगै अङ्ग्रेजी वर्षको छ महिना अवधिमा कूल दुई लाख ३७ हजार ८१३ पर्यटकले नेपाल भ्रमण गरेका छन्। बोर्डका अनुसार मे महिनामा ५३ हजार ६०८ पर्यटकले नेपाल भ्रमण गरेका थिए। सन् २०२२ को जनवरीमा १७ हजार, फेब्रुअरि २० हजार, मार्चमा ४२ हजार, अप्रिलमा ५८ हजार पर्यटकले नेपालमा भ्रमण गरेका थिए। यो सङ्ख्या नेपाल भ्रमणका लागि हवाई मार्ग हुँदै नेपाल भित्रिएको पर्यटन भएको जनाएको छ। सन् २०२२ देखि नेपालमा पर्यटक आगमनमा सुधार हुर्दै आएको देखिन्छ। कोभिड-१९ पछि नेपालमा पर्यटन आगमनदरमा क्रमिक सुधार आएको देखिन्छ।

जुनमा भारतबाट २३ हजार २४८, अमेरिकाबाट आठ हजार ३५१, बङ्गलादेशबाट दुई हजार ५९, बेलायतबाट, दुई हजार, अष्ट्रेलियाबाट एक हजार ४०० जनाले नेपाल भ्रमण गरेका छन्।

जुनमा सार्कबाट २६ हजार, आसियानबाट, दुई हजार ३००, युरोपबाट चार हजार ७००, अमेरिकन रिजनबाट आठ हजार ९०० पर्यटकले नेपाल भ्रमण गरेको नेपाल पर्यटन बोर्डले जनाएको छ।

# एमालेभित्रको अन्तर्घात छानबिन गर्न कार्यदल

**रासस**
**काठमाडौं, १९ असार**

नेकपा (एमाले) ले गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा पार्टी विरोधी गतिविधि गर्ने आफ्ना नेता कार्यकर्तामाथि छानबिन र कारबाहीका लागि उपाध्यक्ष विष्णुप्रसाद पौडेलको संयोजकत्वमा कार्यदल गठन गरेको छ।

समितिको सदस्यमा पार्टीका सङ्गठन विभाग प्रमुख खगराज अधिकारी र निर्वाचन विभाग प्रमुख विष्णु रिमाल रहनुभएको छ । एमालेको आइतबार भएको सचिवालयको बैठकले सो निर्णय गरेको पार्टीका केन्द्रीय प्रचार विभागका प्रमुख पृथ्वीसुब्बा गुरुङले जानकारी दिनुभयो। स्थानीय निर्वाचनका क्रममा पार्टीका उम्मेदवार हराउन भूमिका खेल्ने नेता कार्यकर्ता विरुद्ध पार्टीमा उजुरी परेको थियो।

बैठकले स्थानीय निर्वाचनको विस्तृत समीक्षा, विद्यमान शक्ति सन्तुलनको विश्लेषण गर्ने, आफ्नो सरकारका राम्रा कामका प्रचार र वर्तमान सरकारले जनतालाई असर पार्ने निर्णयकको भण्डाफोर गर्ने निर्णय पनि भएको उपमहासचिव गुरुङले बताउनुभयो । बैठकले विभिन्न केन्द्रीय विभागका सचिवमा मनोनयन र केही नयाँ विभागसमेत गठन गरेको छ।

# देशभक्तलाई १२ उपाधिसहित सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ असार**

अलौकिक कवि देशभक्तसिंह कुँवरलाई पोखरामा शनिबार विभिन्न १२ संस्थाले १२ उपाधिसहित सम्मान गरेका छन् । साहित्य, संगीत, कलाकारिता, संचारकर्मी लगायत विविध क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएको कदरस्वरुप उनलाई १२ उपाधिसहित सम्मान गरिएको हो। हरेक संस्थाले उनलाई नगद ५० हजार, सम्मानपत्र, मायाको चिनो, दोसल्ला सहित सम्मान गरेका हुन्।

उनलाई साहित्य सम्राट, वाङ्मय सम्राट, शब्द सम्राट, सिर्जना सम्राट, लेखक सम्राट, रचना सम्राट, महासाहित्यकार, बहुआयामिक व्यक्तित्व, संगीत मणिरत्न, दिव्य गायक, युग संचारमणि र दुर्लभ महामानव उपाधिबाट सम्मान गरिएको हो । छोटो बसाइँमै साहित्य र संगीतका सिर्जना जति पनि सिर्जित गर्न सक्ने क्षमतावान् उनी चार दशकदेखि अनवरत कला, साहित्य र संगीतमा क्रियाशील छन् । सम्मान गर्ने संस्थाहरुमा इन्याल्क नेपाल (अंग्रेजी प्रौढ साक्षरता अभियान), इन्याल्क नेपाल काठमाडौं र पोखरा शाखा, उन्नतिशील वाङ्मय प्रतिष्ठान, बैदाम वाङ्मय प्रतिष्ठान, रुपाङ्कन साहित्य परिवार, श्रीवृद्धि साहित्य परिवार, श्री ऐतिहासिक कुँवर तथा राणा सांस्कृतिक समाज, सनलाइट मिडिया ट्रेनिङ



सेन्टर, कारवी फाइनान्सियल एजेन्सी काठमाडौं, काभिन ग्राफिक्स डिजाइनिङ एण्ड सोलुसन र माछापुच्छ्रे नृत्य प्रशिक्षण तथा सांस्कृतिक परिवार हुन् । समारोहमा शिक्षाविद् जर्ज जोनसहित १२ प्रमुख अतिथिहरुले उनलाई उपाधिसहित सम्मान गरेका हुन् । अन्य प्रमुख अतिथिहरुमा गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का बिखर्ची, छन्दनायक माधव विजयी, स्वतन्त्र पत्रकार संघ नेपालका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद बास्तोला, शिक्षाविद् बालगोपाल अमात्य, वरिष्ठ गायिका बाबा राणा, साहित्यकार डा. गेहेन्द्रमान उदास, समाजसेवी अध्यक्ष विश्वमोहन गौचन, शिक्षाविद् टीकाराम कोइराला, वरिष्ठ चिकित्सकहरु प्राडा बुद्धिबहादुर थापा, प्राडा ध्रुव अधिकारी, डा. मुकुन्द आचार्य थिए।

इन्याल्क नेपालका अध्यक्ष प्राडा यामबहादुर पौडेल क्षेत्रीलगायतको सामूहिक अध्यक्षतामा भएको कार्यक्रममा शिक्षाविद् जर्ज जोन, प्रतिष्ठान कुलपति बिखर्ची, समिक्षक मदन भण्डारी, साहित्यकार एवं शिक्षासेवी क्षेत्रबहादुर कुँवर, कलाप्रेमी रामदेवी कुँवर, पत्रकार विजय नेपाल, अम्बिका राणालगायतले अलौकिक कवि कुँवरको बहुआयामिक क्षेत्रको चर्चा गरेका थिए । समाजसेवी कृष्णबहादुर कुँवर, संचारकर्मी सुमन केसीले व्यवस्थापनमा सहयोग गरेका थिए । मेघा एफएमका प्रबन्ध निर्देशक स्रष्टा कुँवर सम्पदा कला मन्दिर, पोखरा वाङ्मय प्रतिष्ठान, मुमताज मल्टिमिडिया, कुँवर राणा गार्डेन सोसाइटी, सिर्जनशील साहित्य परिवारमा हाल अध्यक्ष छन्।

२०४८ सालमा रेडियो नेपालको चौतारी कार्यक्रममा गायन प्रस्तुतसँगै सांगीतिक तथा साहित्यिक क्षेत्रमा हात हालेका कुँवरले गिनिज बुक वर्ल्ड द रेकर्डमा समेत नाम लेखाएका छन् । उनी हालै चितवनमा साहित्यिक राष्ट्रनायक उपाधिबाट सम्मानित भएका थिए । बहुआयामिक प्रतिभाका धनी उनले साहित्यकार, नायक, गायक, संगीतकार, गीतकार, निर्देशक, मोडल, संचारउद्यमीको परिचय बनाएका छन् । उनका हालसम्म साहित्यका दर्जनौं कृति प्रकाशनमा छन् भने २५० गीतमा स्वर तथा संगीत दिएका छन् । साथै १०८ कृति प्रकाशोन्मुख छन्।

# आँधीखोलामा झोलुङ्गो पुल निर्माण

**पोखरापत्र संवाददाता**
**वालिङ, १९ असार**

स्याङ्जाको गल्याङ नगरपालिका ७ र ८ जोड्न आँधीखोलामा झोलुङ्गो पुल निर्माण गरिएको छ।

हेर्दा वारिपारि जस्तोदेखिए पनि आँधीखोलाले बनाएको गल्छी पार गरेर वा अन्यत्रैबाट घुमेर आउँदा घण्टौं समय खर्चनुपर्ने अवस्था अन्त्य गर्नका लागि गल्याङको पेलाकोट र वडा नं ८को चिउरीलाई जोड्न पुल निर्माण गरिएको हो।

नुवाकोटको एसए शैलेन्द्र जेभीले २०७७ असारमा निर्माण सुरु गरेको उक्त पुल २०७८ वैशाखमा सक्नुपर्ने भए पनि कोरोनाका कारण समयावधि थप गरिएको पूर्वाधार विकास कार्यालयका प्रमुख सन्तोष अर्यालले बताउनुभयो। उक्त पुल २०७९ साउन २० सम्ममा सक्नेगरी समयावधि थप गरिएकामा निर्धारित समयअगावै सम्पन्न भएको हो । तीनसय अठसठ्ठी मिटर लामो पुल निर्माणका लागि रु एक करोड ८३ लाखमा ठेक्का सम्झौता भएको थियो । पुल निर्माणसँगै विशेषगरी गल्याङ र पेलाकोटका नागरिकलाई छिटो आवत-जावत गर्न सहजा हुनाका साथै सिद्धार्थ राजमार्गसित पनि जोडिएको छ। पुलको अभावमा एक घण्टाभन्दा बढी समय लगाएर सिद्धार्थ राजमार्गमा आउनुपर्ने बाध्यता छोट्याउनका लागि पुल निर्माण गरिएको गण्डकी प्रदेशका सांसद भागवतप्रकाश मल्लले बताउनुभयो। आव २०७६/७७ मा बजेट विनियोजनपश्चात् डिपिआर भई बोलपत्र आह्वान गरेर निर्माण थालिएको उहाँले जानकारी गराउनुभयो । "पुल निर्माणसँगै घण्टौं समय लगाएर आवतजावत गर्नुपर्ने बाध्यता अन्त्य भएको छ", सांसद मल्लले भन्नुभयो, "स्थानीयवासीलाई आवतजावतमा सहजता हुनाका साथै पुल लामो र अग्लोसमेत रहेकाले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न मद्दत पुग्नेछ।"

पुल निर्माणसँगै अहिले सामाजिक सञ्जालमा तस्वीर राख्ने, टिकटक बनाउनेहरु बढ्दै गएका छन् । यातायातको असुविधा तथा प्रचारप्रसारको अभावका कारण ओझेलमा परेको पेलाकोटमा रहेको केदारनाथ मन्दिरमा दर्शनार्थीलाई पुग्न सहज हुने भएको छ। पुल निर्माणसँगै स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउनका लागि टेवा पुग्नाकासाथै धार्मिक पर्यटन र साहसिक पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार थप गर्दै लैजानु आवश्यक रहेको स्थानीयवासीले बताए।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।




कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वटेमार्डन

## सम्पादकीय

# व्यापारी बोलाउने बजार अनुगमन

बजारमा कृत्रिम अभाव खडा गरेर मूल्य बढाउने काम भएको जनगुनासो रहँदै आएको छ । सरकारले बजार अनुगमन नगर्दा मूल्य मनपरि लिने गरेका छन । कुनै पनि वस्तु र सेवाको मूल्य पसल पिच्छे फरक छाजस्ले जति लिए पनि उपभोक्ता तिर्न बाध्य छन । सरकारले बजारलाई अराजक बनाउने काम गरेको छ । बजार अनुगमन गर्न सबैभन्दा थोरै कर्मचारी खटाइएको छ । मूल्य वृद्धि रोक्न, कृत्रिम अभाव हुन नदिन र गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउने सरकारको कर्तव्य मात्र होइन दायित्व पनि हो । बजार अनुगमन सधै गरिरहनुपर्ने काम हो । यो कसैलाई निम्तो दिएर गरिने काम पनि होइन ।

सडकदेखि सदनसम्म विपक्षी र सत्तारूढ दलका नेता कार्यकर्ताले बजार अनुगमन गर्न र महंगी नियन्त्रण गर्न माग गर्दै आएका छन । सरकारले विपक्षीको कुरा सुन्देको भन्ने र व्यापारीलाई जानकारी दिएर सरकारले मुलुकभर एकैसाथ बजार अनुगमन सुरु गरेको छ । शनिबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै वाणिज्य, आपूर्ति तथा उपभोक्ता विभागले शुक्रबार केन्द्र, प्रदेश र स्थानीय तहका साथै ७७ वटै जिल्ला प्रशासन कार्यालयमार्फत एकैसाथ बजार अनुगमन गरिएको जानकारी दिएको छ । अनुगमनका क्रममा मुलुकभरका विभिन्न स्थानमा ७१ कम्पनीलाई कारबाही गरिएको विभागका महानिर्देशक लीलाप्रसाद शर्माले जानकारी दिएका छन । विभागले २५ फर्मको अनुगमनका क्रममा नौवटालाई कारबाही गरिएको जानकारी गराएको रिस फेर्ने काम भएको छ ।

यस्तै, प्रदेश नम्बर-१ मा २० फर्ममा अनुगमन गरिएको छ । मधेस प्रदेशमा गरिएको १३ फर्मको अनुगमनका क्रममा ११ लाई कारबाही गरिएको विभागले जनाएको छ । अरू स्थानमा पनि प्रभावकारी रूपमा अनुगमन गरिएको विभागको दावी छ । यस्तै, बजारमा चिनीको भाउ महँगिएको विषयमा पनि आपूर्ति मन्त्रालयलाई अध्ययनका लागि अनुरोध गरिएको छ । विभागले ७७ जिल्ला प्रशासन र स्थानीय तहमार्फत देशभर अनुगमनको कार्यलाई निरन्तरता दिइने जनाएको छ । उद्योग बाणिज्य आपूर्ति मन्त्री दीलेन्द्र प्रसाद वडुले पत्रकार सम्मेलन नै गरेर घोषणा गरिएको बजार अनुगमन-उपभोक्ता हित संरक्षण, स्वच्छ बजार र बजार हस्तक्षेपका लागि हुदै होईन । कानुनले नियमित गर्ने भनि तोकेको यो काम गतबर्षदेखि मन्त्रालय आफैले अघोषित रूपमा रोकेको थियो । यो काम अझै प्रभावकारी रूपमा भएको छैन । सघिय सरकारले गत बर्षदेखि आजसम्म बजार अनुगमनपुर्ब अनिवार्य मानिने बजार शृखलाका सबै तहको मुल्य र श्रोत मुल्य लिइएको छैन ।

अनुगमन सम्बन्धि कुनै ठोस कार्ययोजना छैन । सरोकारवालाहरुबीच आपसी समन्वय देखिदैन । प्रयाप्त जनशक्ति र परिचालन सम्बन्धि स्पष्ट कार्ययोजना छैन । मन्त्रीको यो घोषणा त अनुगमनका नाउँमा ब्यापारी समुहहरुलाई छलफलको लागि उद्योग बाणिज्य आपूर्ति मन्त्रालय बोलाउने तरिका मात्रै हो । उपभोक्ता संरक्षण कानुन कार्यनयन गर्न कुनै पत्रकार सम्मेलन गरि घोषणा गर्न आवस्यक थिएन । कानुन कार्यनयन त मन्त्रीको दायित्व हो । सरोकारवालाहरुलाई साथ लिएर अहिलेको अनियंत्रित बजार भाउ तत्काल घटाउन, कृत्रिम अनुचित मुल्यवृद्धि नियन्त्रण गर्न, कृत्रिम अभाव हटाउन मन्त्री तयार नभएसम्म दिन तोकेर गरिने बजार अनुगमनले सन्देश दिन्छ परिणाम दिदैन ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# आँधीखोला तटबन्धन गर्दै भीरकोट

प्रकाश डोटेल

स्याङ्जा, १९ असार

वर्षेनी वर्षासँगै आँधीखोलामा आएको बाढीले खोला आसपासका खेतीयोग्य जमिनमा धेरै क्षती पुऱ्याउँदै आएको थियो ।

विगतका वर्षमा जस्तै वर्षासँगै आँधीखोलामा आएको बाढीले पुऱ्याउन सक्ने संभावित क्षती न्यूनिकरण गर्न भीरकोट नगरपालिकाले खोला तटबन्धन र व्यवस्थापनमा अग्रसरता देखाएको छ । जोखिममा रहेका खेतीयोग्य जमिनका आधारमा प्राथमिकीकरण गरी अस्थायी तटबन्ध गर्न लागिएको भीरकोट नगरपालिकाका प्रमुख गोविन्दकुमार कर्माचार्यले बताए । आँधीखोला किनारका भीरकोट नगर क्षेत्रभित्रका खेतीयोग्य जमिन बचाउन झण्डै १ करोड रकम खर्च गरेर काम थालेको नगरप्रमुख कर्माचार्यले बताए ।

भीरकोट नगरपालिकाले आउँदो बर्षको नीति तथा कार्यक्रममा पनि नदीजन्य प्रकोप नियन्त्रण एवं विपद् व्यवस्थापनलाई प्राथमिकतामा राखेको छ । नगरको पहलमा आँधीखोला किनारका दायाँबायाँ करिब १.५ किलोमिटर क्षेत्रमा अस्थायी तटबन्धन गर्ने काम शुरु भएको छ । मनसुनजन्य विपद् सुरु हुनु अगावै नगरपालिकाका र भाडाका डोजर तथा ट्रीपर प्रयोग गरेर तटबन्धन गरिएको छ । चालू आर्थिक वर्षको अन्त्यको समय भएपनि नगरसँग बजेटको अभाव छ । तर मनसुनजन्य विपद् जोखिम न्यूनीकरणका लागि नदी नियन्त्रण र तटबन्धनलाई प्राथमिकतामा राखेर काम गरेको नगरपालिकाका प्रवक्ता दिपेन्द्र के.सी.ले बताए । विगतमा आँधीखोलाले पकान र सिमलचौरको फाँटका क्षेत्रमा बढी क्षती पुऱ्याएकाले तत्कालका लागि तटबन्धन निर्माण कार्यलाई अगाडी बढाएको उनले सुनाए । "अस्थायी तटबन्ध व्यवस्थापनको काम भएपनि नदीजन्य प्रकोप नियन्त्रण र विपद् न्यूनीकरणमा ठूलो राहत मिल्ने विश्वास गरिएको छ ।" नगर प्रमुख कर्माचार्यले भने, "नयाँ आर्थिक वर्षका लागि आँधीखोलामा व्यवस्थित तटबन्धन र नदी किनारमा हरित सडक निर्माण गर्न १ करोड रकम विनियोजन गरेका छौं ।" विपद् व्यवस्थापनमा नगरले २० लाख रुपैयाँ विनियोजन गरेकाले आँधीखोलाको दायाँबायाँको भाग सुरक्षित बनाउन सकिनेमा उनी दृढ देखिए । नगरपालिकाले तीन वटा डोजर र चारवटा ट्रीपर प्रयोग गरेर एक महिनाको अवधिमा सीमित स्रोत साधनका बावजुत नगरका १, २, ४ ,५ र ६ वडा अन्तर्गतका आँधीखोला नदी क्षेत्रको दाँयाबाँया १.५ किलोमिटर भित्र अस्थायी तटबन्धन गरिने छ । नगरले तटबन्धनको काम थालेपछि खोला किनारका कृषकहरु निर्वाध रुपमा धान रोप्न थालेका छन् । हालसम्म झण्डै १ करोड बराबर लागतको काम भएको नगरपालिकाले जनाएको छ ।



आँधीखोलामा व्यवस्थित तटबन्धनका लागि प्रदेश र संघीय सरकारसँग पनि आवश्यक सहकार्यका लागि अनुरोध गरिएको नगरप्रमुख कर्माचार्यले जानकारी दिए । तटबन्धन व्यवस्थित नहुँदा सिमलचौर, पकान, बयरघारी, गैह्राथोक लगायतका फाँटहरु, सडकमार्ग र नदी किनारका बस्तीहरु सधैं जोखिममा पर्दै आएका छन् ।

# 'असारे'को सुरसारमा तरामीमगर

–रामबहादुर थापा

बागलुङ, १९ असार (रासस)

बर्सेनि असार तेस्रो मङ्गलबारदेखि यहाँ 'असारे' मेला लाग्छ । 'असारे' तरामीमगरको पुस्तैनी मेला हो । कोरोना महाव्याधिले दुई वर्षसम्म रोकेको परम्परागत मेला यसपाली हुँदैछ । ताराखोलाका रैथाने मगर 'असारे' मनाउने सुरसारमा छन् ।

असारेलाई खुसी साट्ने, मीठो-मसिनो खाने, प्रकृति र देउता पुज्ने पर्वका रुपमा लिइन्छ । नयाँपुस्ताले 'असारे मेला' का रुपमा संस्कृति धाने पनि जनबोलीमा भने 'असारे' प्रचलित छ । बर्खाको खेतीपाती भ्याएर विश्राम लिन असारे बस्ने गरिएको बूढापाका बताउँछन् । आराम र मनोरञ्जनका लागि 'असारे मेला' सुरु भएको विश्वास गरिन्छ । संस्कृतिकर्मी झकबहादुर घर्तीले डोल्पाको ताराभोटबाट आएका पूर्वजले असारेको चलन बसालेको बताउनुभयो । "असारको उजेली पक्ष पारेर मेला सुरु हुन्छ", उहाँले भन्नुभयो, "पूजाआजा गर्ने, बलि चढाउने पनि परम्परा छ ।"

अघिल्लो दिन गहुँ, चामलको रोटी खाने र भोलिपल्ट मङ्गलबार बूढापाकाले लठ्ठो बाट्ने, युवाले पिङ राख्ने चलन रहेको उहाँले सुनाउनुभयो । असारेलाई साँचेर तरामीमगरको कूल घरमा राखिएको जमरालाई त्यही पिङमा चढाउने र वाचा बाँध्ने गरिन्छ ।

गाउँलेले मेलालाई 'असारे बस्ने' भनेर पनि चिन्छन् । असारे बसेका बेला खेतीपातीको काम गर्न नहुने मान्यता छ । वर्षात्‌मा बाढीपहिरोजस्ता प्रकोप नहोस्, रोगव्याधि नलागोस्, अन्नबाली सप्रियोस् भन्ने कामना गर्दै प्रकृति पुजिन्छ । मुखियाको घर (हेम्थो घर)को बारीमा रहेको थानमा राँगाको बलि दिने गरिएको घर्तीले बताउनुभयो । "पहिलेपहिले यहाँ आउँदा बालबालिका हराउने गरेको र पछि ढुङ्गामा बलि चढाएर पूजा गर्न थालेपछि हराउन छाडेको भन्ने धार्मिक विश्वास छ", उहाँले भन्नुभयो । विसं १७६६/६७ तिर डोल्पाबाट बसाइँ सरेर आएका तरामीमगरले थातथलो बसाएको ताराखोला गाउँपालिका-४ र ५ मा असारे विशेषरुपमा मनाइन्छ । बलि र पूजापाठ वडा नं ४ को तारागाउँमा हुने गरे पनि मेला भने ५ को करिमेलामा चल्छ । असारेलाई ताराखोलावासीले आफ्नो मौलिक संस्कृति मान्छन् ।

बर्खे झरीकोसमेत पर्वाह नगरी हर्षोल्लासपूर्वक असारेमा रमाउँछन् । ३०० वर्षअघिदेखि असारेको थिति बसेको बूढापाका बताउँछन् । असारे युवा क्लबका अध्यक्ष ओमबहादुर रोकाले क्लबले असारेको परम्परा धान्दै आएको उल्लेख गर्नुभयो । "कोरोना महामारीले गर्दा दुई वर्षसम्म रीतिथितिअनुसार पूजापाठ र वाचा बाँध्ने मात्र काम भयो", उहाँले भन्नुभयो, "यो वर्षदेखि असारे मेलाले पुनःनिरन्तरता पाउँदैछ ।" असारे ताराखोलाको ऐतिहासिक र साँस्कृतिक महत्वको मेला भएको उहाँको भनाइ छ । तारागाउँमा रहेको थानमा पूजाआजापछि करिमेलामा सांस्कृतिक कार्यक्रम तथा खेलकुदको आयोजना हुने क्लबले जनाएको छ । मेलामा पुरुष/महिला भलिबल, सामूहिक नृत्य, रस्साकस्सी, धनुषवाण, भाले छुनेलगायतका प्रतियोगिता राखिएको छ । ताराखोलामा प्रचलित सांस्कृतिक झाँकी, गीत तथा नृत्य पनि प्रदर्शन गर्ने गरिएको छ । मेलामा युवायुवती पिङ खेल्ने, मीठा परिकार खाने, असारे गीत तथा नाचमा रमाउने गर्छन् । खेतीपातीपछि आराम गर्ने, आफन्त र मित्रजनसँग भेटघाट हुने अवसरका रुपमासमेत मेलालाई लिइन्छ । पछिल्लो समय मेलाको स्वरुप केही फेरिँदै गएको छ ।

धार्मिक आस्था, मान्यता र परम्परासँगै मेलालाई नयाँपन दिन थालिएको हो । मेला धार्मिक, सांस्कृतिक मान्यतासँग पनि जोडिएको छ । मेला भर्न हिल, अर्गल, हटिया, हरिचौर, तमान, खुङ्गा म्याग्दीको रुम, निस्कोट, किमचौरलगायतका ठाउँबाट सर्वसाधारण आउँछन् । ताराखोलाको अर्गल, हिल, अमरभूमिलगायतका गाउँमा पनि बर्खे मेला हुने गरेको छ ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

**पोखरा महानगरपालिका वडा नं. २३ मा चनौटे खोरपाखा औसेलुचौर घडेरी सडक योजना निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

योजनाको नामः चनौटे खोरपाखा औसेलुचौर घडेरी सडक
स्थानः पोखरा–२३, कास्की
योजना सम्झौता मिति : २०७८/११/०३ गते
योजना सुरु मितिः २०७८/११/०४ गते
योजना सम्पन्न मिति : २०७९/०३/१५ गते
योजनाको कुल लागत : रु. ७,८७,५९४.८३।–
वडाबाट विनियोजित रकम : रु.७,००,०००।–
जनश्रमदानवाट : रु.८७,५९४.८३।–
उपभोक्ता समिति अध्यक्षः रघुनाथ लामिछाने, सचिवः रमेश लामिछाने सदस्य संख्याः ९ जना महिलाः ३, पुरुषः ६ जना
उपभोक्ता समिति अध्यक्ष सम्पर्क नं.: ९८५६०२७२०८

**चनौटे खोरपाखा औसेलुचौर घडेरी सडक उपभोक्ता समिति**
**पोखरा-२३ कास्की**

# बालबालिकालाई लगाइने २३ लाख मात्रा खोप आयो

रासस

काठमाडौं, १९ असार

बालबालिकालाई लगाइने कोरोना भाइरस विरुद्धको खोपको आज करिब २३ लाख मात्रा नेपाल आइपुगेको छ ।कोभ्याक्स सुविधामार्फत 'फाइजर बायोएनटेक' खोप नेपाल आइपुगेको स्वास्थ्य सेवा विभाग आपूर्ति व्यवस्थापन शाखाप्रमुख सुरेन्द्र चौरसियाले जानकारी दिनुभयो ।

उहाँका अनुसार २२ लाख ९९ हजार २०० मात्रा खोप नेपाल आइपुगेको हो । उक्त खोप ५ देखि १२ वर्षमुनिका बालबालिकाका लागि लगाइने छ । आज प्राप्त भएको खोप यसअघि असार ९ देखि १५ गतेसम्म खोप लगाएका बालबालिकालाई दोस्रो मात्रा खोप लगाइने छ ।

यसअघि बालबालिकालाई लगाइने खोप २२ लाख तीन हजार २०० मात्रा आएको थियो । सरकारले ५ देखि १२ वर्षमुनिका ३९ लाख बालबालिकालाई दुई चरणमा खोप लगाइरहेको छ ।

पहिलो चरणमा २७ जिल्लामा यही असार ९ देखि १५ गतेसम्म बालबालिकालाई विद्यालयमा गएर खोप प्रदान गरिएको थियो । सोही समूहलाई साउन २ देखि ८ गतेसम्म दोस्रो मात्राको खोप दिइने छ ।

यस्तै दोस्रो चरणमा ५० जिल्लामा भदौ ५ देखि ११ गतेसम्म पहिलो मात्रा र सोही समूहलाई दोस्रो मात्रा भदौ २७ देखि असोज १ गतेसम्म सञ्चालन गरिने छ ।

# हल्कादेखि मध्यम वर्षाको सम्भावना

रासस

काठमाडौं, १९ असार

आगामी २४ घण्टामा बागमती र गण्डकी प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको सम्भावना रहेकोले पहाडी भू-भागमा भूक्षय, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको र नदीनाला तथा खहरे खोलामा पानीको सतह बढ्नसक्ने पनि विभागले जनाएको छ ।

वर्षाका कारण ती क्षेत्रमा दैनिक जनजीवन र यातायात क्षेत्रमासमेत असर पर्नसक्ने भएकाले सतर्कता अपनाउन सबैमा अनुरोध गरिएको छ । रातको समयमा देशभर आंशिकदेखि सामान्य बदली रही देशका पहाडी भागका केही स्थानमा र बाँकी भागका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । बागमती र गण्डकी प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको बताइएको छ । मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार आइतबारकाठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम २१ दशमलव शून्य डग्री र अधिकतम तापक्रम २८ दशमलव आठ डिग्री सेल्सियस रहेको छ । त्यस्तै सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम १५ दशमलव पाँच डिग्री र सबैभन्दा धेरै जनकपुरको अधिकतम तापक्रम ३४ दशमलव पाँच डिग्री सेल्सियस रहेको छ ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

**पोखरा महानगरपालिका वडा नं. १६ मा श्रवण कुमार जेष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

योजनाको नामः श्रवण कुमार जेष्ठ नागरिक दिवा सेवा केन्द्र
स्थानः पोखरा–१६, बाटुलेचौर, कोलगैह्रा
योजना शुरु मिति : २०७८/०९/११ गते
योजना सम्पन्न गर्नुपर्ने मिति : २०७९/०३/१५ गते
योजनाको कुल लागत : रु. २९,४१,४२०।–
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.२५,००,०००।–
जन सहभागितावाट : रु.४,४१,४२०.६५।–
उपभोक्ता समिति अध्यक्षः चित्र बहादुर थापा
सदस्य संख्याः ९ जना महिलाः ४ जना, पुरुषः ५ जना
उपभोक्ता समिति अध्यक्ष सम्पर्क नं.: ९८४६०३४३७०

**श्रवण कुमार जेष्ठ नागरिक दिवा सेवा केन्द्र उपभोक्ता समिति**
**पोखरा-१६, बडहरखोर, कोलगैह्रा**

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

**पोखरा महानगरपालिका वडा नं. २१ मा दुवार कस्यारघाट जाने सडक स्तरोन्नती निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

योजनाको नामः दुवार कस्यारघाट जाने सडक स्तरोन्नती
स्थानः पोखरा–२१, दुवार
योजना शुरु मिति : २०७८/१२/२२ गते
योजना सम्पन्न हुने मिति : २०७९/०२/२५ गते
योजनाको कुल लागत : रु. ११,८३,२६७.१४।–
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१०,००,०००।–
जन सहभागितावाट : रु.१,८३,२६७.१४।–
उपभोक्ता समिति अध्यक्षः केशव प्रसाद आचार्य
उपभोक्ता समिति संख्याः ७ जना
उपभोक्ता समिति अध्यक्ष सम्पर्क नं.: ९८४६०२७८११

**दुवार कस्यारघाट जाने सडक स्तरोन्नती उपभोक्ता समिति**
**पोखरा-२१, डाडाँ पोखरी**

# धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०७९/०३/२०**

यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. कास्की, पोखरा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय संचालन गर्न लिनु भएको ऋणको यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०७८/०९/१७ गतेको समाधान राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत अटेर गरी मिति २०७९/०१/०८ गतेको समाधान राष्ट्रिय दैनिकमा ३५ दिने धितो लिलामी तथा गोप्य शिलबन्दी पत्र आव्हानको सूचना प्रकाशित गरी पुन दाश्रो पटक मिति २०७९/०२/२२ गतेको पोखरापत्र राष्ट्रिय दैनिकमा २१ दिने धितो लिलामी तथा गोप्य शिलबन्दी पत्र आव्हानको सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई संस्थासंग गरेको ऋण सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पति जहाँ जे अवस्थामा छ, सोही अवस्थामा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५, गण्डकी प्रदेश सहकारी ऐन २०७५ तथा गण्डकी प्रदेश सहकारी नियमावली ऐन २०७६, यस संस्थाको विनियम, ऋण नीति २०७७ तथा ऋण असुली नीति २०७७ ले दिएको अधिकार तथा संस्थाको नियमानुसार अधिकार प्रयोग गरी बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले सहकारीबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले ३५औं र २१औं दिनभित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्दा कुनै पनि गोप्य शिलबन्दी बोलपत्र नपरेको हुदाँ तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही तेश्रो पटक यो सूचना प्रकाशित भएको मितिले ७औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु ८औं दिनका दिन तपसिल स्थानमा खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न, धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै ऋण असुलीको कारवाही अन्तर्गत ऋणी, धितो जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानी को फोटो | जमानीको विवरण |
|---|---|---|---|
|  | १. नामः प्रदिप पहारी<br>जन्म मितिः २०३८/०६/१२,<br>वर्षः ४०, ना.प्र.नं.७८९६०,<br>जारी मितिः २०५५/१०/०३<br>जि.प्र.का. कास्की<br>बाबुः राम कृष्ण पहारी, बाजेः बद्रिदास पहारी<br>ठेगानाः साविक पोखरा-९, नयाँबजार<br>हाल पोखरा-९, नयाँबजार<br>सम्पर्क नं : ९८५१२२१२८६ |  | १. नामः मोहिनी पहारी<br>ना.प्र.नं.१२९२४८,<br>जारी मितिः २०५९/०६/०३<br>जि.प्र.का. कास्की<br>पतिः प्रदिप पहारी<br>ससुराः राम कृष्ण पहारी<br>ठेगानाः साविक पोखरा-९, नयाँबजार<br>हाल पोखरा-९, नयाँबजार |
| धितो विवरण : श्री प्रदिप पहारीको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला पोखरा म.न.पा. वडा नं -९ स्थित कित्ता नं १७५ को क्षेत्रफल १४५.४० वर्ग मि. घर जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण। | | | |
| ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानीको फोटो | जमानीको विवरण |
|  | १ . नामः गोपाल मिजार<br>जन्म मितिः २०३३/०२/०२,<br>वर्षः ४५, ना.प्र.नं.५१६९८२,<br>जारी मितिः२०५१/११/०९, जि.प्र.का. पर्वत<br>बाबुः मकरे सार्की, बाजेः हस्ते सार्की<br>ठेगानाः साविक पाङ्ग-८, पर्वत<br>हाल पोखरा-८, नागढुङ्गा<br>सम्पर्क नंः ९८४३२५५५९५ |  | १. नामः कमला मिजार<br>ना.प्र.नं. ३७६८७, जारी मितिः २०५९/०८/०६<br>जि.प्र.का. पर्वत<br>पतिः गोपाल मिजार<br>ससुराः मकरे सार्की<br>ठेगानाः साविक पाङ्ग-८, पर्वत<br>हाल पोखरा-८, नागढुङ्गा |
| | |  | २. नामः तुल छन्त्याल<br>ना.प्र.नं. ९१३७, जारी मितिः २०६२/०९/०६,<br>जि.प्र.का. म्याग्दी<br>पतिः श्याम छन्त्याल<br>ससुराः भुल बहादुर छन्त्याल<br>ठेगानाः साविक गुर्जा-६, म्याग्दी<br>हाल पोखरा-३, नदिपुर |
| धितो विवरण : श्री गोपाल मिजारको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला पोखरा म.न.पा. वडा नं ७ को कित्ता नं १९८ को क्षेत्रफल १३१.२० वर्ग मि. र साविक धिताल गा.वि.स वडा नं ३ स्थित कित्ता नं १५८ को क्षेत्रफल १-०-३-१/५३४.५८ वर्ग मि. घर जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण। | | | |

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरु :**

१. बोलपत्र फारम यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.को कार्यालय समय भित्र रु १,०००/- (फिर्ता नहुने) बुझाई प्राप्त गर्न सकिनेछ।

२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइ सक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था विदा परेमा विदाको लगतै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन विदा परेमा त्येसपछिको लगतै संस्था खुलेको दिन दिउँसो ठिक ०३:३० बजे सम्ममा कारोवार गरी बोलपत्र खोल्न सकिनेछ।

४. बोलपत्रमा आफूले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकम सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।

५. बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस संस्थाको नाममा खिचिएको डाफ्ट/नगद जम्मा संस्था भौचर समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।

६. बढी रकम बोल गर्नेको बोलपत्र स्वीकृत भएमा संस्थाको नियम अनुसार बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।

७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने नगर्ने वा आपसी सहमतीमा गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।

८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।

९. सहकारी ऐन २०७४ को परिच्छेद १४ को दफा ७९ को उपदफा (६) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम संस्थालाई चित्तबुझदो नभएमा प्रचलित सहकारी ऐन, नियमावली, कानुन तथा आफ्नो नियम अनुसार संस्थाले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफूमा लिन/अधिनमा राख्न सक्नेछ।

१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैंले तिर्नुपर्नेछ।

११. उल्लेखित सम्पत्ति लिइ सकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयम् खरिदकर्ताको हुनेछ। धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन।

१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन। साथै लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।

१३. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

**पूनश्चः** उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैंले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैंले सकार गरी लियो भनी कतै उजुरवाजुर गर्न पाउनुहुने छैन।

| बोलपत्र पेश गर्ने | बोलपत्र खोल्ने |
|---|---|
| मिति : २०७९/०३/२६<br>स्थान : कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.,<br>(पोखरा १३, वडा कार्यालय अगाडि)<br>समय : बिहान १०:०० देखि बेलुका ०५:०० सम्म | मिति :२०७९/०३/२७<br>स्थान : कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.,<br>(पोखरा १३, वडा कार्यालय अगाडि)<br>समय : दिनको ठिक ०३:३० बजे |

**नोटः मिति २०७९/03/१९ गते प्रकाशित भएको व्यहोरालाई सच्याई पुनः प्रकाशन गरिएको।**

**कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

**पोखरा-१३, कास्की**

**फोन नं.: ०६१-५३५७९५, ०६१-५२६९८८, ०६१-५३०५६७**

# पहिराको जोखिममा बस्ती

**पोखरापत्र संवाददाता**
**लमजुङ, १९ असार**

यहाँ बाढीपहिरोले जिल्लाका विभिन्न स्थानका वडा कार्यालय, विद्यालयदेखिबस्तीसमेतजोखिममा परेको छ। दोर्दी गाउँपालिका-७ को वडा कार्यालय, महेन्द्र ज्योति प्राथमिक विद्यालयको भवन र फलेनी बस्ती जोखिममा परेको हो।

गत जेठ २३ गतेयता निरन्तर वर्षा हुँदा थप पहिरो जान थालेसँगै जोखिम बढेको वडाध्यक्ष रिसमाया गुरुङले बताउनुभयो । "उपल्लो माझखर्कमा रहेको वडा कार्यालय भवनलाई पहिरोले घेरेको छ । उक्त भवनमाथि सडकबाट पहिरो खस्दा वडाको भित्तासम्म आइपुगेको छ । भवनको पछाडिको भागसम्म ढुङ्गामुढा र माटो थुप्रिएको छ भने वर्षा भइरहेमा भवन नै बगाउने स्थितिमा पुगेको छ, उहाँले भन्नुभयो, "वर्षा भएपछि पहिराले जताततै लेदो माटो थुपारेको र लेदो फाल्दै कार्यालय सञ्चालन गर्दै आइएको छ।"

वडाध्यक्ष गुरुङका अनुसार असार लागेपछि आजसम्म आइपुग्दा पानी पर्ने क्रम बढ्दै आएको र पहिरा पनि बढ्न थालेकाले सेवा प्रवाहसमेत डराइडराइ दिने गरिएको वडाका कर्मचारीहरुले बताए । पहिराले नजिकैको महेन्द्र ज्योति प्राविको भवनलाई पनि जोखिममा पारेको छ । उक्त विद्यालयको कक्षाकोठासम्म भल पस्ने गरेको वडा कार्यालयले जनाएको छ।

लप्सीबोट जाने सडकबाट पहिरो झरिरहेको छ भने केही दिनअघि गएको पहिरोले विद्यालयको तारजाली पुरेको छ। वडाध्यक्ष गुरुङले भन्नुभयो, "पहिरा निरन्तर गइरहन्छ, लेदो वडा कार्यालयभित्र छिर्छ सर्फा गर्दै काम गर्छौं ।" वडा कार्यालयको करिब २० मिटर माथि सडकबाट आएको पहिरो रोक्नलाई पहिलो पटक यही असार ५ गते गाउँपालिकाबाट रु दुई लाख बजेट ल्याएर तारजालीसहित पर्खाल उठाइएको थियो तर पटक-पटक आएको पहिराले थप क्षति पुऱ्याउनाका साथै अन्य दुईस्थानका सडक नै बगाएपछि आपत्कालिन परिस्थितिमा दुईघण्टासम्म हिँडेर छोटे खोलासम्म पुग्नुपर्ने बाध्यता भएको उहाँको भनाइ थियो।

पहिरो गएयता कुलो सफा गर्ने क्रममा सर्पले टोकेर दुई जना घाइते भइसकेका छन् । त्यस्तै वडा कार्यालयभन्दा करिब २० मिटर परको निर्माणाधीन वडाको स्वास्थ्य चौकी भवन पनि आएको पहिराले आधा पुरेको छ।

बस्तीमा पनि १० घर पहिराले जोखिममा पारेको छ। यही असार १ गतेको पहिरो र त्यसपछि बेलाबेलामा खसेको पहिराले कोषलाल गुरुङ, प्रेम गुरुङलगायत अन्य व्यक्तिको घर जोखिममा पुऱ्याएको वडासदस्य लालबहादुर तामाङले बताउनुभयो । उहाँले भन्नुभयो, "जोखिममा रहेका स्थानीयवासी दिउँसोभन्दा रातको समयमा पानी पर्दा डराइडराइ सुत्दै आएका छन्।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १६ मा बडहरबोट खानेपानी योजना निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः बडहरबोट खानेपानी योजना**
**स्थानः पोखरा-१६, बाटुलेचौर, वडहरबोट**
**योजना शुरु मिति : २०७८/१२/२५ गते**
**योजना सम्पन्न मिति : २०७९/०३/१५ गते**
**योजनाको कुल लागत : रु. ९,४१,१७६।-**
**वडाबाट प्राप्त हुने रकम : रु.८,००,०००।-**
**जन सहभागितावाट : रु.१,४१,१७६।-**
**उपभोक्ता समिति अध्यक्षः जगन्नाथ तिमिल्सिना**
**सदस्य संख्याः ७ जना महिलाः ३ जना, पुरुषः ४ जना**
**उपभोक्ता समिति अध्यक्ष सम्पर्क नं.: ९८५६०३७०९३**

**बडहरबोट खानेपानी उपभोक्ता समिति**
**पोखरा-१६, बाटुलेचौर, बडहरखोर**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १६ मा श्रवण कुमार जेष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः श्रवण कुमार जेष्ठ नागरिक दिवा सेवा केन्द्र**
**स्थानः पोखरा-१६, बाटुलेचौर, कोलगैह्रा**
**योजना शुरु मिति : २०७९/०२/३१ गते**
**योजना सम्पन्न गर्नुपर्ने मिति : २०७९/०३/१५ गते**
**योजनाको कुल लागत : रु. ११,११,१११।-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१०,००,०००।-**
**जन सहभागितावाट : रु.१,११,१११।-**
**उपभोक्ता समिति अध्यक्षः पोषण थापा**
**सदस्य संख्याः ७ जना महिलाः ३ जना, पुरुषः ४ जना**
**उपभोक्ता समिति अध्यक्ष सम्पर्क नं.: ९८५६०२१६४३**

**श्रवण कुमार जेष्ठ नागरिक दिवा सेवा केन्द्र उपभोक्ता समिति**
**पोखरा-१६, बडहरखोर, कोलगैह्रा**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १६ मा श्रवण कुमार जेष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः श्रवण कुमार जेष्ठ नागरिक दिवा सेवा केन्द्र**
**स्थानः पोखरा-१६, बडहरखोर, कोलगैह्रा**
**योजना शुरु मिति : २०७८/०९/२५ गते**
**योजना सम्पन्न गर्नुपर्ने मिति : २०७९/०३/१८ गते**
**योजनाको कुल लागत : रु. ५,२७,०८८.४१।-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.५,००,०००।-**
**जन सहभागितावाट : रु.२७,०८८.४१।-**
**उपभोक्ता समिति अध्यक्षः कमल तिमिल्सिना**
**सदस्य संख्याः ७ जना महिलाः ३ जना, पुरुषः ४ जना**
**उपभोक्ता समिति अध्यक्ष सम्पर्क नं.: ९८४६२६३४५२**

**श्रवण कुमार जेष्ठ नागरिक दिवा सेवा केन्द्र उपभोक्ता समिति**
**पोखरा-१६, बडहरखोर, कोलगैह्रा**

# लोमान्थाङमा गल्फका लागि सम्भाव्यता अध्ययन

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १९ असार**

चीन सीमामा रहेको लोमान्थाङ गाउँपालिका-५ लोवथाङमा गल्फ खेलका लागि सम्भाव्यता अध्ययन गरिएको छ । गाउँपालिकाले समुद्री सतहदेखि चार हजार ६४५ मिटर उचाइमा रहेको सो स्थानमा प्रतियोगिता सञ्चालन गर्न अध्ययन गरेको हो।

गण्डकी प्रदेशसभा सदस्य ईन्द्रधारा विष्टको अगुवाइमा गल्फ खेलाडी, प्राविधिक र जनप्रतिनिधिसहितको टोलीले परीक्षणस्वरुप गल्फ खेलेका थिए। लोवथाङमा गल्फ प्रतियोगिता सञ्चालनबारे तयारी भइरहेको विष्टले बताउनुभयो । उपल्लो मुस्ताङको पर्यटन प्रवर्द्धन तथा पर्वतीय खेलकुदको विकास गर्न प्रतियोगिता सञ्चालनका लागि आर्थिक वर्ष २०७९/८० मा रु १० लाख विनियोजन गरेको छ। गत वर्ष लोवथाङमा प्राविधिक टोली पुगेर अवलोकन गरेको थियो। गल्फ खेलका लागि उपयुक्त स्थान पहिचान गरेपछि प्रतियोगिता सञ्चालनको योजना बनाएको प्रदेशसभा सदस्य विष्टले बताउनुभयो । लोमान्थाङ बजारदेखि पश्चिम डोल्पा जाने बाटोमा उक्त स्थान पर्छ। त्यहाँसम्म पुग्न सडकसमेत विस्तार भइसकेको छ।

करिब तीन किलोमिटर फराकिलो समथर खुला क्षेत्रमा घाँसे मैदान रहेको छ। उक्त मैदान गल्फ खेल्न उपयुक्त भएको खेलाडी र प्राविधिकले बताएका छन्। गल्फ खेल्न विभिन्न संरचना निर्माण गर्न थालिएको छ । उक्त मैदानसम्म पुग्न लोमान्थाङबाट १२ किलोमिटर सडक यात्रा गर्नुपर्छ।